शारदा नगरपालिका

खलंगा, सल्यान

# आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक प्रतिवेदन

मितिः २०८२/०७/३०

## आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक अवधिको प्रगति प्रतिवेदन

प्रतिवेदकः

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत

## कृषि विकास तथा पशु सेवा तर्फः

- चालु आ.व. मा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड मार्फत ३५,२४० के.जी. डि.ए.पि., २०,००० के.जी. युरीया र १,२४० के.जी. पोटास मल तथा कृषि सामग्री कम्पनी लिमिटेड मार्फत ६५,८६९ के.जी. डि.ए.पि. र ३२,९५० के.जी. युरीया मल विभिन्न सहकारी संस्थाहरुबाट वितरण गर्ने गरी आवश्यक प्रबन्ध मिलाईएको,
- ११५० कृषकहरुलाई परामर्श सहित आकस्मिक बाली संरक्षणका लागि निशुल्क विषादि वितरण गरिएको
- ७३ जना कृषकहरुको मकै बालीमा जंगली जनावरले क्षति पुर्याएकोमा क्षतिपुर्तीको लागि आवश्यक प्राविधिक मूल्याङ्कन सिफारिस गरिएको,
- किसान सूचीकरण कार्यक्रम अन्तर्गत वाड नं ०१, ०६, ०७, र १३ का १३४४ कृषक घरधुरीको तथ्याङ्क संकलन गरिएको,
- नगरका वडा कार्यालय बाहेकका थप १५ स्थानहरुबाट कृषि र पशुपन्छी सम्बन्धी प्राविधिक सेवा प्रदान गर्ने उदेश्यले बाली तथा पशुपन्छी उपचार सेवा केन्द्र कार्यक्रम मार्फत पहिलो चरणमा जम्मा २८५ कृषकहरुलाई सेवा प्रदान गरिएको,
- उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ पारीत गरी प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिएको
- व्यावसायिक मौरी प्रवर्द्धन कार्यक्रम, मागमा आधारित घुम्ति स्थलगत तालिम कार्यक्रम र माटोको नमूना परीक्षणका लागि नमूना संकलन कार्यक्रमहरु सञ्चालनका लागि सूचना प्रकाशन गरी कार्य प्रारम्भ गरिएको
- गहुँको स्वर्गद्वारी जातको ११२० के.जी. उन्नत बीउ जम्मा ४५ कृषकहरुलाई वितरण गरिएको,
- पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास परियोजनासंगको समन्वयमा वडा नं ६ को बरला, ११ को डाँडा सिम र १५ को हरलेमा जम्मा ७५ जना कृषकहरुलाई पोषण पाठशाला सम्बन्धी ५/५ कार्यदिन सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिएको।
- यस चालु आ.व. मा ४ वटा नयाँ व्यावसायिक कृषि फर्म दर्ता, ३५ वटा नवीकरण र ४ वटा कृषक समूह नवीकरण भएका छन् ।
- स्थानीय तह मल वितरण व्यवस्थापन समितिको ५ वटा, वडा कृषि प्राविधिक संग २ वटा र मौरी प्रवर्द्धन कार्यक्रम सहजीकरण समितिको १ वटा गरी जम्मा ८ वटा बैठक बसी १८ वटा निर्णय गरिएको छ।
- यस अवधिमा पशु सेवा शाखामा दर्ता भएका नयाँ फर्म संख्या -५ तथा नवीकरण हुन आएका फर्म संख्या-९ जम्मा संख्या १५६,
- नगर भित्रका विभिन्न वडामा पशुका प्रजनन बिकार जस्तै Dystocia, Abortion, Retention of placenta र अन्य रोगहरुको पशु प्राबिधिकको टोली घरमै गएर उपचार गरिएको संख्या- १७
- वाड नं १ बाट ३ ओटा र वाड नं ९ बाट ६ ओटा गरी जम्मा ९ ओटा छाडा पशु चौपायाको गौशालामा व्यवस्थापन गरिएको

- शारदा नगरपालिका वडा नं १० पैयाखर्कमा एक बौलाहा कुकुरको टोकाइबाट ६ जना मानिस, ७ ओटा कुकुर र ४ ओटा बाख्रा संक्रमित, सो कुकुर बाट रेबिज पहिचानको लागि नमूना लिइ परीक्षण गर्दा रेबिज पोजेटिभ देखिएपछि, विभिन्न चरणमा ८४ संक्रमित कुकुर तथा बाख्रालाइ रेबिज बिरुद्धको खोप कार्यक्रम सम्पन्न भएको,
- नगरपालिका पशु सेवा शाखा र वडाहरुमा प्रदान गरिएको जम्मा उपचार सेवा,

| क्रम. सं | उपचार सेवा | जम्मा |
|---|---|---|
| १. | मेडिकल उपचार | १४,३९६ |
| २. | माइनर सर्जेरी | १,१२१ |
| ३. | गाइनोकोलोगिकल उपचार | ३०१ |
| ४. | रेबिज खोप | १०४ |

## उद्योग विकास शाखाः

शारदा नगरपालिका क्षेत्र अधिकार भित्र रहेका गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर गर्त व्यवसाय सम्बन्धी स्रोत,संकलन र सदूपयोगका लागि स्रोत सम्भाव्यता अध्ययन गरी उद्यमशिलताको माध्यमबाट गरिवीको रेखामूनि रहेका अति गरिव,गरिव र विपन्न समुदायका मानिसहरुको जिवन स्तरमा सुधार गर्ने लक्ष्यका साथ लघु उद्यमी सिर्जना गरी व्यवसायिक रुपमा सञ्चालन गर्ने उक्त स्थानीय स्तरमा रहेका निजी, साझेदारी व्यवसाय दर्ता, नविकरण,कारोबारो संसोधन,नाम संसोधन,कारोबार थप समेत कार्य गरिएको छ।आ.व.२०८२/०८३ मा नगरपालिकाले सञ्चालन गरेको उद्यम,व्यवसाय सम्बन्धी मूख्य कार्यक्रमहरुको प्रगति विवरण देहाय बमोजिम रहेको छ।

क्र.सं. मूख्य कार्यको विवरण

१. ६ दर्ता, १२३ नवीकरण, १ नामसारी, ३ पूँजी वृद्धि, ० ठाउसारी, २ नाम परिवर्तन, ५ खारेजी, १ सक्कलै फाइल घरेलु कार्यालयमा।

## सहकारीः नवीकरण संख्या ११ वटा

## रोजगार सेवा केन्द्र

- पुनः श्रम स्वीकृतिः ५

| **क्र.सं.** | **व्यक्तिको नाम, थर** | **ठेगाना** | **गन्तव्य मुलुक** | **कैफियत** |
|---|---|---|---|---|
| १ | डम्बर बहादुर डाँगी | शा.न.पा.- १० | मलेसिया | भदौ |
| २ | अर्जुन बुढाथोकी | शा.न.पा.- १० | मलेसिया | भदौ |
| ३ | लिलामणी बुढाथोकी | शा.न.पा.- ०६ | कतार | असोज |
| ४ | टेक बहादुर गिरी | शा.न.पा.-०४ | मलेसिया | कात्तिक |
| ५ | जगत बुढाथोकी | शा.न.पा.- ०६ | कतार | कात्तिक |

- मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना सम्झौताः

| **क्र. सं.** | **आयोजना/कार्यक्रमको नाम** | **वडा नं.** | **विनियोजित बजेट** | **सम्झौता मिति** | **समिति अध्यक्षको नाम, थर** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| 1 | काउलेखोला, टाट्के, तिनुका रुखदेखि अमिलाबोट सिँचाई कूलो निर्माण तथा मर्मत | 13 | 1500000 | 2082।07।24 | लाल बहादुर रोका | 9840671770 |
| 2 | भगवती खोला सिँचाई कूलो निर्माण | 01 | 1500000 | 2082।07।27 | इन्द्र बहादुर डाँगी क्षेत्री | 9848543037 |

सामाजिक विकास मन्त्रालय, शारदा नगरपालिका र सिटिइभिटिको संयुक्त सहकार्य तथा सहलगानीमा सीप परीक्षण पास गरी प्रमाण पत्र प्राप्त गर्ने संख्या २५ जना (Construction Mason 16, Plumber 4, Building Painter 4 and Computer Hardworking and Network Technician 1)

## शिक्षा यूवा तथा खेलकुद

➢ विद्यालय अनुगमन तथा निरीक्षण (१९ विद्यालय )

- नगर प्रमुख, उपप्रमुख, नगर शिक्षा समितिका पदाधिकारी, शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरु सहित १९ वटा विद्यालयमा समुहगत तालिका बनाएर विद्यालयहरुको समग्र शैक्षिक अवस्था, भौतिक अवस्था, आर्थिक र सामाजिक तथा वातावरणीय पक्षहरुको अवस्थाको बारेमा स्थलगत अनुगमन, निरीक्षण गरि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, समाजसेवी र शिक्षासँग समबन्धित सरोकारवालाहरुसँग समग्र विद्यालय सुधारको विषयमा छलफल तथा अन्तक्रिया गरि आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको

➢ शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सञ्चालन (६७ जना प्रधानाध्यापक)

- हरेक महिनाको ३ गते यस नगरपालिका भित्र सञ्चालित विद्यालयका ६७ जना प्रधानाध्यापकको सहभागितामा नियमित प्रधानाध्यापक बैठक सञ्चालन गरिएको। बैठकमा विद्यालयमा भएका शैक्षिक क्रियाकलाप तथा असल अभ्यासहरुको प्रस्तुतीकरण र आदन प्रदान हुने गरेको।

➢ प्रथम त्रैमासिक परीक्षा सञ्चालन तथा व्यवस्थापन (९०९० विद्यार्थी )

- यस नगरपालिका अन्तर्गतका सञ्चालित सम्पूर्ण विद्यालयहरुका (कक्षा १-१० ) करिव ९०९० जना विद्यार्थीहरुको सहभागीतामा पहिलो त्रैमासिक परीक्षा सञ्चालन, परीक्षा अनुगमन, निरीक्षण तथा नतिजा प्रकाशन गरिएको ।

➢ नगर शिक्षा समितिको बैठक सञ्चालन तथा व्यवस्थापन (९ वटा निर्णय )

- विद्यालयहरुको सम्पूर्ण पक्षहरुको विद्यमान अवस्थाको जानकारी लिन र विद्यालयमा रहेका समस्या समाधानका लागि सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया गरि सुझाव प्रदान गर्न नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा समिति पदाधिकारी र शिक्षा शाखाका कर्मचारी सहितको अनुगमन टोली खटाउने निर्णय गरिएको ।
- स्थलगत अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा १६ जना शिक्षकहरुको दरबन्दी मिलान तथा कामकाजमा खटाइएको ।
- शारदा नगरपालिका वडा नं २ मा सञ्चालित श्री सिद्धार्थ आधारभूत विद्यालयलाई बालविकास कक्षा मात्रै कायम हुने गरि श्री शिव जन मा वि शा न पा-१, शीतलपाटीमा समायोजन गरिएको।
- दरबन्दी मिलान कार्यदलको अनुगमन प्रतिवेदन तथा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा भएको तथ्याङ्कको आधारमा ९ वटा विद्यालयमा नगर शिक्षक अनुदान वितरण गरिएको।
- यस नगरपालिका भित्र सञ्चालित ११ वटा संस्थागत विद्यालयहरुको अनुगमन तथा नियमनका लागि संस्थागत विद्यालयको अनुगमन नियमन तथा व्यवस्थापन निर्देशिका २०८१ मा तोकिएबमोजिम स्वीकृत फारामका आधारमा नगर शिक्षा समितिका पदाधिकारी र शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीद्वारा संयुक्त अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने ।
- सिकाइलाई प्रविधीमैत्री बनाउनको लागि १३ ( यस अघि सो सुविधा नलिएका ) विद्यालयमा कम्प्युटर र प्रिन्टर वितरणको लागि विद्यालय छनोट गरिएको

अन्यः

- विभिन्न विद्यालयहरुमा गरि १ जना नि मा वि संघीय शिक्षण अनुदान, २ जना प्र वि राहत, ३ जना प्रा वि र १ जना नि मा वि नगर अनुदान शिक्षक, १ विद्यालय कर्मचारी, १ बालविकास , १ विद्यालय सहयोगी पदपूर्तीको परीक्षा सञ्चालन गरि नियुक्तिको लागि सिफारिस गरिएको
- विद्यालयहरुको अन्तिम लेखा परीक्षण कार्य सम्पन्न गर्नको लागि ३६ जना लेखापरीक्षक सूचीकृत सूचीकृत गरिएको र रितपूर्वक प्राप्त निवेदन र संलग्न कागजातका आधारमा १४ जना लेखापरीक्षकलाई ५६ वटा सामुदायिक विद्यालय र ४ वटा सामुदायिक सिकाइ केन्द्रको लेखापरीक्षण गर्ने जिम्मेवारी प्रदान गरिएको ।

## स्वास्थ्य शाखा

### पालिकास्तरीय स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समीक्षा

नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरुमा (स्वास्थ्य चौकि, आधारभ"त स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य सेवा केन्द्र) स्वास्थ्य सुचना ब्यवस्थापन प्रणालिलाई सुदृढ र स्वास्थ्य संस्थाहरु बाट प्रदान गरेका सेवाहरुको अभिलेख अनुसारको समयमै प्रतिबेदन भए नभएको एकिन गर्नुको साथै स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य प्रगतिको समीक्षा,सुचना संकलन र प्राप्त सुचनालाई भेरिफिकेशन, स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, महिला स्वास्थ्य स्वयं सेबिकाहरु लगायत स्वास्थ्य क्षेत्रमा कार्यरत साँझेदार संस्थाहरु बाट प्रदान गरीएका सेवाहरुको प्रगति र आगामी बर्षकोलागी कार्ययोजना

निर्माणका गरी प्रत्येक बर्ष नगरपालिका स्तरीय स्वास्थ्य क्षेत्रको बार्षिक समीक्षा गरिन्छ । स्वास्थ्य क्षेत्रको नगरपालिका स्तरीय बार्षिक समीक्षा कार्यक्रम मितिः२०८२।०५।१५ र १६ गते शारदा नगरपालिकामा सम्पन्न गरियो। यस समीक्षा कार्यक्रममा नगरपालिका मातहतका सम्पुर्ण १६ वटै संस्थाहरुको साथै नगरपालिका स्तरमा स्वास्थ्य क्षेत्रमा कार्यरत साँझेदार संस्थाहरुको प्रस्तुतिकरण रहेको थियो । नगर प्रमुख,उप-प्रमुख र प्रमुख प्रशासकिय अधिकृत,स्वास्थ्य संस्था प्रमुख लगाएत ३१ जनाको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरियो ।

### बिश्व मानसिक स्वास्थ्य  दिवस र आत्महत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम

शारदा नगरपालिका सल्यानका सबै १५ वटै वडाहरुमा विविध कार्यक्रम गरि बिश्व मानसिक स्वास्थ्य दिवस र आत्महत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम मितिः २०८२ साल असोज २४ गते तदअनुसार १० सेप्टेम्वर २०२५ मा आत्म हत्या रोकथाम सम्बन्धी विपदको समयमा मानसिक स्वास्थ्य भन्ने मूल नाराका साथ बिश्व आत्म हत्या रोकथाम दिबस भब्य रुपमा मनाईयो ।

### बिश्व स्तनपान सप्ताह

हरेक वर्ष श्रावण १६ देखि २२ सम्म (अगस्त १ देखि ७ तारख सम्म) बिश्व स्तनपान सप्ताह (World Breastfeeding Week ) मनाईन्छ । यस वर्ष यो सप्ताह " स्तनपानलाई समर्थन गरौ,आमा र शिशुको स्वास्थ्य सुदृढ बनाऔं " भन्ने नाराका साथ यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा सप्ताह भरिनै विविध क्रियाकलाप गरि मनाईयो । यस सप्ताह मनाउनुको मूख्य उदेश्य नवजात शिशुलाई पहिलो ६ महिना सम्म पूर्ण स्तनपान गराउन प्रोत्साहन गर्नु र आमालाई आवश्यक जानकारि र सहयोग गर्नु हो । आमाको दुध शिशुको लागि पूर्ण पोषण, रोग प्रतिरोधात्मक शक्ति र मानसिक बिकासका लागि अत्यन्त महत्वपूर्ण छ । साथै स्तनपानले आमाहरुको स्वास्थ्यमा पनि सकमारात्मक  प्रभाव पार्छ रक्त श्राव घटाउछ स्तन र डिम्वासयको क्यान्सर जोखिम कम गर्छ ।त्यसैगरि स्तनपानले आमा र बच्चाको भावनात्मक सम्बन्धलाई मजबुत गराउछ ।

### द्रुत प्रतिकार्य टोली सम्बन्धी कार्यशाला गोष्ठी

शारदा नगरपालिका सल्यानमा मिति २०८२।०७।१९ गते द्रुत प्रतिकार्य टोलि सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न गरियो । कार्यक्रममा नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र शाखाका प्रमुख हरुको उपस्थिति थियो । यस कार्यक्रममा द्रुत प्रतिकार्य टोलि सम्बन्धी कार्यबिधि २०७९ को बारेमा अभिमुखिकरण गरिएको र शारदा नगरपालिकाको द्रुत प्रतिकार्य टोलिको पुनर्गठन समेत गरिएको थियो । बिपदको समयमा पालिका र वडाका समितिहरुको काम कर्तब्य र अधिकारको बारेमा छलफल भएको थियो भने पालिकाको तयारिको बारेमा पनि ब्यापक छलफल भएको थियो। उक्त कार्यक्रम प्रदेश स्वास्थ्य सेवा निर्देशनालयको सहजिकरणमा सम्पन्न भयो ।

### मानसिक स्वास्थ्य कार्यक्रम सम्बन्धी बार्षिक समीक्षा

शारदा नगरपालिका सल्यानमा मिति २०८२।०७।२३ गते शारदा नगरपालकामा सि एम सि नेपालको सहयोगमा संचालित मानसिक कार्यक्रमको बारेमा बार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा नगर प्रमुख, उप प्रमुख ,

प्रमुख प्रशासकिय अधिकृत र शाखाका प्रमुख हरुको उपस्थिति थियो । स एम सि नेपालले बिगत ३ बर्षमा गरेको प्रगतिको बारेमा प्रस्तुतिकरण गरिएको थियो । स एम सि नेपाल अन्तर्गत संचालित प्रबर्धन परियोजना यहि डिसेम्वर २०२५ मा सकिने भएता पनि  मानसिक स्वास्थ्यमा शारदा नगरपालिकाले तोकिएका स्वास्थ्य संस्था मार्फत नियमित सेवा प्रदान गर्ने छ ।

**जेष्ठ नागरिक स्वास्थ्य परीक्षण,पाठेघर खसेका साथै पाठेघर मुखको क्यान्सर परीक्षण र  क्षयरोग खोजडताल कार्यक्रमः**

शारदा नगरपालिका सल्यानको आयोजनामा वडा नम्बर ९ दोभानमा २०८२/०७/२६ गते र वडा नम्बर १२ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्र डाङ्ग्रीमा मिति २०८२/०७/२८ गते जेष्ठ नागरिक स्वास्थ्य परीक्षण र उपचार, पाठेघर खसेका महिलाको परीक्षणका साथै पाठेघर मुखको क्यान्सर परीक्षण र क्षयरोग खोजपडतालका लागि खकार परीक्षण कार्यक्रम सम्पन्न गरेको छ।

१) १३७ जना जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण

२)  ६४ जना महिलाको पाठेघर जाँच तथा पाठेघर मुखको क्यान्सर परीक्षण जसमध्ये ६ जना पहिलो डिग्री ४ जनामा दोस्रो डिग्री र तेस्रो डिग्री Vault prolapse १ र cervical polyp १ जना भेटिएको थियो जसमध्ये ५ जनालाई रिङ्ग पेसरी राखियो भने ४ जना लाई माथिल्लो निकायमा प्रेषण गरिएको छ।

३) ५४ जना शंकास्पद क्षयरोगका बिरामीको खकार परीक्षणको लागि खकार नमूना संकलन गरि सल्यान अस्पतालमा पठाइएको छ।

४) बिरामीहरुलाई समस्या कसरी कम गर्न सकिन्छ भन्ने बारे योग गुरुद्वारा योग अभ्यास पनि सिकाइको थियो।

उक्त कार्यक्रममा स्वास्थ्य सेवा कार्यालय सल्यान, आयुर्वेद स्वास्थ्य केन्द्र सल्यान र बिराट नेपाल् मेडिकल ट्रस्ट नेपाल (BNMT) को प्राविधिक सहयोग रहेको छ ।

यसैगरी मंसीर ३ देखि ९ गते सम्म आँखा उपचार खोज पडताल कार्यक्रम तथा १३ र १४ गते शल्यक्रिया कार्य रहेको ।

५) आर्थिक सहायता विवरणः १२ जना  रकम रु ६९ हजार

६) औषधीको इ टेण्डर भई आपूर्तिको क्रममा रहेको ।

७) विपन्न सुनौला हजार दिनका आमाहरुको पोषण समूह सहकारी अनुगमन संख्या ७ वटा

८) एक एम्बुलेन्स सञ्चालनमा रहेको ।

९) ओपिडी सेवा संख्या १००१४ महिला ६२११ पुरुष ३८०३

१०) दीर्घरोगी संख्या ३४ सहायता रकम रु ५ लाख

११) संस्थागत सुत्केरी १३ जना

## महिला तथा बालबालिका शाखा

**आ.व.२०८१/८२ को गैर सरकारी संघसंस्थाहरुको वार्षिक समीक्षा सम्पन्नः**

शारदा नगरपालिकामा कार्यक्षेत्र बनाई काम गर्ने विभिन्न ९ वटा संस्थाहरुले काम गर्ने गरेका छन् जसमध्ये स्वास्थ्य क्षेत्रमा ३, शिक्षा क्षेत्रमा २, अपाङ्गताको क्षेत्रमा २, कृषि क्षेत्रमा १ र अन्य १ रहेकोमा ८ वटा संस्थाहरुको उपस्थितीमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

- अपाङ्गता समन्वय समितिको बैठकको निर्णयबाट १२ वटा अपाङ्गता परिचयपत्र वितरण गरिएको ।
- सहिद स्मृति भत्ता वितरणको लागि लाभग्राहीहरुको विवरण अद्यावधिक गरिएको ।
- ५ वटा जेष्ठ नागरिक परिचयपत्र वितरण गरिएको ।
- जेष्ठ नागरिक खेलकुद कार्यक्रम सञ्चालन भईरहेको ।
- बैंक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम अन्तर्गत ३२ जना छोरीहरुको खाता खोलिएको ।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदनः**

जिल्ला : सल्यान न.पा. : शारदा दर्ता मिति देखि : २०८२-०४-०१ दर्ता मिति सम्म : २०८२-०६-२९

| | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गा.पा./न.पा. | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| शारदा | १४२ | ११७ | | २५९ | ४५ | ३९ | | ८४ | १६ | ११२ | ११ | ४३ | ४० | १२७ | | ५२२ |
| जम्मा | १४२ | ११७ | ० | २५९ | ४५ | ३९ | ० | ८४ | १६ | ११२ | ११ | ४३ | ४० | १२७ | ० | ५२२ |

**सामाजिक सुरक्षा भत्ता वितरणः**

- आ. व. २०८२।०८३ मा ५७९७ जना सामाजिक सुरक्षा भत्ता प्रप्ता गर्ने लाभग्राहीहरुको नवीकरण
- पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता ५८७८ जना लाभग्राहीहरुको रकम रु : ३,४७,५७,०१२ । EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी
- सम्बन्धित वडा मुकाममा पुगी वडाका जनप्रतिनिधी, बैङ्कका कर्मचारी, र नगरपालिकाका कर्मचारीहरुको रोहवरमा जेष्ठ नागरिक, अन्य जेष्ठ नागरिक अपाङ्ग, अति अशक्त, एकल महिलाहरुलाई पहिलो त्रैमासिको १०५९ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण ।

## सुरक्षित आप्रबासन (सामी ) कार्यक्रम

नेपालमा वैदेशिक रोजगारी मुख्य आम्दानीको स्रोत बनेको छ। रोजगारीको अवसरको अभाव, स्थानीय आर्थिक स्रोतहरूको सीमितता तथा बेरोजगारीका कारण धेरै नेपाली युवा विदेशिन बाध्य छन्। वैदेशिक रोजगारीमा जाने क्रममा धेरै श्रमिकहरू जोखिमपूर्ण अवस्थाबाट गुज्रिनुपर्ने, दलाल तथा एजेन्टद्वारा ठगिनु, अप्ठ्यारो परिस्थितिमा पर्नु, कागजात र जानकारीको अभावमा ठगिनुजस्ता समस्या देखिएका छन् । सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमले प्रवासी

श्रमिकहरू तथा सम्भावित आप्रवासीहरूलाई वैदेशिक रोजगारीमा जानुअघि आवश्यक पूर्वतयारी, जानकारी, सेवा र सुरक्षाका उपायहरू प्रदान गर्ने उद्देश्य राखेको छ।

**१) सूचनामा पहुँच**

**आप्रबासि सूचनाकेन्द्र जिल्ला प्रशासन कार्यालयबाट परामर्श**

| क्र.स. | गतिबिधि (कार्यक्रम) | लाभाम्वित संख्या (जना ) |
|---|---|---|
| १ | व्यक्तिगत तथा सामूहिक परामर्श सेवा ( शारदा नगरपालिकाले संचालन गरेको जिल्ला प्रशासन कार्यालयमा रहेको सूचना केन्द्रबाट | (महिला **५३४** , पुरुष **१२३९** ) जम्मा **१७७३** |
| २ | फोन फलोअप( सम्भावित बैदेशिक रोजगारीमा जाने व्यक्ति ) | १२५ जना |

**२) न्यायमा पहुँच(आप्रबासी सूचनाकेन्द्र जिल्ला प्रशासन कार्यालयबाट सहजीकरण)**

| क्र.स. | गतिबिधि (कार्यक्रम) | लाभाम्वित संख्या (वटा ) |
|---|---|---|
| १ | आप्रवासी स्रोत केन्द्रमा दर्ता भएका समस्या | ४ (जिल्ला भरिको साउन देखि हाल सम्म) |

**३) वित्तीय साक्षरता**

| **क्र.स.** | **गतिबिधि (कार्यक्रम)** | **शारदा नगरपालिका** |
|---|---|---|
| **१** | जम्मा संचालन हुने कक्षा | २ (समूह ) ५० जना वड़ा न .१ मा |

योजना शाखा

# आ.व.२०८१/०८२ का क्रमागत आयोजना/कार्यक्रमहरुको विवरण

| सि.नं. | आयोजना/कार्यक्रमहरुको नाम | सम्झौता मिति | सम्झौता रकम | हालको अवश्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | **Construction of Siddha Temple at Madhana Park Ward No. 10** | २०८२।०२।०८ | रु.४७,६१,९९८।१३ **with vat** | निर्माणाधिन | |
| २ | **Sangar Lift Drinking Water Supply Project** | २०८१।११।११ | रु.७७,६९,२२७।६० **without vat** | अन्तिम चरणमा | |
| ३ | **Construction of office Building of ward 3,10 & 14 Sharada Municipality** | २०८१।०८।१६ | रु.९२,७३,७५८।८० **without vat** | सम्पन्न भइसकेको | |

# आ.व.२०८२/०८३ को हाल सम्मका ठेक्का (Tender)तथा बोलपत्रहरुको विवरण

| सि.नं. | टेन्डर भएका योजनाहरु | ठेक्का प्रक्रिया | अबस्था | कैफियत |
|---|---|---|---|---|
| १ | **Contract for the Operation and Revenue Collection of Shreenagar Buspark** | **NCB- Revenue** | आशयको सुचना प्रकाशित | |
| २ | **Construction of Wall Behind Administrative Building & Vehicle Parking shed ward no.२ at Sharada Municipality** | **NCB-Works** | आशयको सुचना प्रकाशित | |
| ३ | **Procurement of Medicines, Pharmaceutical Supplies and Surgical Materials** | **NCB-GOODS** | आशयको सुचना प्रकाशित | |
| ४ | **Procurement Of Gabion Box** | **Sealed Quotation-Goods** | मुल्याङ्कनको चरणमा | |

| | | | | |
|---|---|---|---|---|
| ५ | **Ramekhola-Kajeri-Ryale Road Construction** | **NCB-Works** | ठेक्का आव्हानको सुचना प्रकाशित | |
| ६ | **Procurement of Sanitary Pads For School** | **Sealed Quotation-Goods** | ठेक्का आव्हानको सुचना प्रकाशित | |
| ७ | **Saapmara-Sahutol Road Upgrading, Sharada-०४ and ०६** | **Sealed Quotation-Works** | ठेक्का आव्हानको सुचना प्रकाशित | |
| ८ | **Shantinagar-Chaibang Road Upgrading, Sharada-०१, Salyan** | **Sealed Quotation-Works** | ठेक्का आव्हानको सुचना प्रकाशित | |
| ९ | **Barala-Paikhola-Nepane Road Upgrading Project** | **Sealed Quotation-Works** | ठेक्का आव्हानको सुचना प्रकाशित | |
| १० | **Thulajyula-Tatke Irrigation Project, Sharada-१५, Salyan** | **Sealed Quotation-Works** | ठेक्का आव्हानको सुचना प्रकाशित | |

**योजना शाखाबाट आ.व. २०८२/०८३ मा कार्यादेशद्वारा सम्पादन कार्यको सम्झौता तथा भुक्तानी विवरणः**

| सिनं | योजना/कार्यक्रमको नाम | वडा नं | विनियोजन बजेट रकम | माग गरेको बजेट | फर्म/सचिवको नाम | कार्यादेश मिति |
|---|---|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन विविध कार्यक्रम | १४ | ३००००००.०० | ३००००००.०० | नरेश विष्ट | २०८२।०६।०२ |
| २ | शा.न.पा.२ मा लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन | २ | २०००००.०० | १५००००.०० | अमृता शाक्य (वडा सचिव) | २०८१।०९।१६ |
| ३ | कला संस्कृति संरक्षण सम्बन्धी विविध कार्यक्रम | १२ | १०००००.०० | १०००००.०० | सिर्जना विष्ट वलि (सामाजिक परिचालक) | २०८२।०५।०९ |
| ४ | नवनिर्मत वडा कार्यालयमा फर्निचर र बवश्यक सामग्रीहरु खरिद | ३ | ४०००००.०० | १०००००.०० | निमा रोकाय | २०८२।०६।२२ |
| ५ | विपद व्यवस्थापनका विविध कार्यक्रमहरु | ३ | ३०००००.०० | | निमा रोकाय | २०८२।०६।२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | किशोर किशोरी प्रोत्साहन तथा खेलकुद कार्यक्रम | ११ | १०००००.०० | १०००००.०० | प्रेम माझी | २०८२।०५।१७ |
| ७ | वडा नं. ५ का सोरठी नाच र विभिन्न आमा समुहहरुलाई स्थानीय संस्कृती बचाउ अभियानको लागि साउण्ड सिस्टम खरिद गरि एक-एक गोटा | ५ | १०००००.०० | १०००००.०० | कैलाश कुमार शाह | २०८२।०६।२७ |
| ८ | Land Slide, levelling and Debris Clearance at Ward No.2 | २ | २०००००.०० | १०००००.०० | अमृता शाक्य (वडा सचिव) | २०८२।०६।१० |
| ९ | सुवाकोटी मेला व्यवस्थापनको साथै खेलकुद विकास | १४।१५ | ६०००००.०० | १०००००.०० | अनुराग भण्डारी अध्यक्ष सुवाकोटी मेला व्यवस्थापन समिति | २०८२।०५।१५ |
| १० | वडा नं १२ मा कला संरक्षण सम्बन्धी विविध कार्यक्रम संचालन | १२ | १०००००.०० | १०००००.०० | सिर्जना विष्ट वली | २०८२।०५।०९ |
| ११ | भाषा कला धर्म संस्कृती अन्तर्ग वडा दशैमा बोका वली | १४ | ४००००.०० | ४०००००.०० | मदन राज भट्ट | 2082.06.02 |
| १२ | दशै विषेश खेलकुद कार्यक्रम | १४ | ५००००.०० | ५००००.०० | मदन राज भट्ट | 2082.06.02 |
| १३ | वडा नं ३ को सडक मर्मत सम्भार कार्यकर्ता | ३ | ३०००००.०० | ३०००००.०० | निमा रोकाय | 2082.07.24 |

**योजना शाखाबाट आ.व २०८२/०८३ मा उपभोक्ता समितिद्वारा सम्पादन कार्यको सम्झौता तथा भुक्तानी विवरणः-**

| सि नं | योजनाको नाम | वडा नं | बजेट | सम्झौता रकम | उपोक्ता समिति | जम्मा इष्टिमेट | सम्झौता मिति | अध्यक्षको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | पल्लो दलितटोल जाने बाटो सल्याब र सिडी निर्माण | ५ | १२००००.०० | १२००००.०० | १३६०१.०० | १३३६०१.०० | २०८२।०७।२४ | विनिता बुढाथोकी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | बरला मेरेपिपल गोरेटोबाटो स्तरउन्नती शा न पा १४ | १४ | ५००००० | ५५२७२५ | ५२७२४ | ५५२७२५ | २०८२।०७।२६ | दिपक भण्डारी |
| ३ | च्याउखोला सडक वाल तथा ग्याविन जाली निर्माण | १४ | २००००० | २२०५७० | २०५७० | २२०५७० | २०८२।०७।२६ | विर ब वली |
| ४ | कृष्ण आधारभूत विद्यालय शा न पा ९ को घेरवार कार्य | ९ | १०००००० | ९९००६० | ९००६० | ९९००६० | २०८२।०७।२७ | जय बहादुर महन्त |

**योजना शाखाबाट आ.व २०८२/०८३ मा कोटेशन द्वारा सम्पादन कार्यको सम्झौता तथा भुक्तानी विवरणः-**

| सि नं | योजनाको नाम | वडा नं | कार्य गर्ने फर्म | बजेट | स्वीकृत रकम | सम्झौता मिति |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १३ को सडक बाटो मर्मत कार्य | १३ | कोशेढुङ्गा कन्स्ट्रक्सन प्रा.लि. बा न पा १२ सल्यान | ३०००००.०० | २८५८७९.०० | २०८२।०७।१७ |
| २ | वडा नं १२ को विपद् व्यवस्थापन सम्बन्धी विभिन्न कार्यहरु | १२ | भण्डारी कन्स्ट्रक्सन | २५०००० | २३३३५० | २०८२।०६।२२ |
| ३ | वडा नं ९ को विपद् व्यवस्थापन सम्बन्धी विभिन्न कार्यहरु | ९ | बग कन्स्ट्रक्सन एण्ड सप्लायर्स शा न पा ८ सल्यान | ३००००० | १९०७४२ | २०८२।०६।३१ |
| ४ | वडा नं ७ को विपद् व्यवस्थापन सम्बन्धी विभिन्न कार्यहरु | ७ | भण्डारी कन्स्ट्रक्सन शा न पा १५ सल्यान | ४००००० | ३८१३२६ | २०८२।०६।२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | वडा नं १० विपद् व्यवस्थापन सम्बन्धी विभिन्न कार्यहरु | १० | बग कन्स्ट्रक्सन एण्ड सप्लायर्स शा न पा ८ सल्यान | २५०००० | २३८१८० | २०८२।०६।३१ |

नगरपालिका भवनमा सम्पूर्ण शाखाहरु स्थानान्तरण भई सेवा प्रारम्भ भएको । फर्निसिङ्ग फिनिसिङ्ग कार्य भैरहेको ।

घर नक्सा पास – २ वटा

घर अभिलेख – १७ वटा

## विपद् सम्बन्धी विवरणः

- आगलागी, पहिरो तथा बाढीबाट प्रभावित ।।।।।। घरधुरीलाई राहत रकम रु ।।।।।।। प्रदान ।
- हावा हुरीले उडाएको त्रिभुवन मा वि मार्केको दुई कोठे भवन मर्मतको लागि रु १ लाख ८४ हजार प्रदान गरिएको ।
- CADRE तालिममा ६ जना यूवालाई डिडिएस सल्यानमा सिफारिश गरिएको ।
- ४७०७ घरधुरीको घर बीमा भएको र भत्किएको घरलाई राहत प्रदान कार्य शुरु गरिएको ।

## प्रशासन शाखा

| शारदा नगरपालिका दरबन्दी विवरण र कर्मचारी संख्या विवरण २०८२ कार्तिक मसान्त सम्म | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय/मातहत शाखा | दरबन्दि विवरण | | | कैफियत |
| | | स्वीकृत | पूर्ती | रिक्त | |
| | प्रमुख प्रशासकीय अधिकृत | | १ | | प्र.प्र.अ. कामकाजमा कार्यरत |
| १ | नगरपालिकाको कार्यालय | २९ | २१ | ८ | शिक्षा तर्फको ७/८ एक स्वीकर्तमा १ बढि |
| २ | कृषि विकास शाखा | ४ | ४ | ० | पाँचौ १ अध्ययन विदामा |
| | पशु सेवा शाखा | ५ | ५ | ० | पाँचौ १ वडामा कार्यरत |
| | वडा कार्यालय | ३० | २५ | ५ | |
| | स्वास्थ्य संस्था | ३६ | ३६ | ० | ५ जना अध्ययन विदामा |
| जम्मा दरबन्दि विवरण | | १०४ | ९२ | १३ | |
| | का.स.को पद दरबन्दि तेरिजमा नभएको | ० | ४ | ० | |
| कुल कर्मचारी संख्या | | १०४ | ९६ | १३ | |

| लिङ्गका आधारमा शारदा नगरपालिकामा कार्यरत कर्मचारी विवरण २०८२ कार्तिक मसान्त सम्म | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | कर्मचारी विवरण | | |
| | | महिला | पुरुष | जम्मा |
| १ | स्थायी | ३८ | ५८ | ९६ |
| २ | अस्थायी/करार | ७२ | ५५ | १२७ |
| जम्मा | | ११० | ११३ | २२३ |

| क्र.स. | स्थायी दरबन्दी विवरण | दरबन्दी विवरण | | |
|---|---|---|---|---|
| | | स्वीकृत | पूर्ति | रिक्त |
| १ | नगरपालिकाको कार्यलयमा भएको दरवन्दि विवरण | २९ | २१ | ८ |
| २ | कृषि विकास शाखामा दरवन्दि विवरण | ४ | ४ | ० |
| ३ | पशु सेवा शाखामा दरवन्दि विवरण | ५ | ५ | ० |
| ४ | वडा कार्यालयमा दरवन्दि विवरण | ३० | २५ | ५ |
| ५ | स्वास्थ्य संस्था तर्फ दरवन्दि विवरण | ३६ | ३६ | ० |
| ७ | १ शिक्षामा बढि | ० | १ | ० |
| ६ | कार्यालय सहयोगी स्थायी | ० | ४ | ० |
| | जम्मा | **१०४** | **९६** | **१३** |

२०८२ साउन देखि कार्तिक मसान्त सम्म सम्पन्न बैठक विवरण

| क्र.स. | बैठक | संख्या | निर्णय संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यपालिका बैठक संख्या | ४ | ६५ | |
| २ | शाखा प्रमुखहरुको बैठक संख्या | १२ | ५५ | |
| ३ | वडा सचिवहरुको बैठक संख्या | १ | ९ | |
| ४ | न्यायीक समितिको बैठक संख्या | ५ | १० | |
| ५ | शिक्षा समितिको बैठक संख्या | १ | ९ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | प्र.अ. को बैठक | १ | २ | |
| ७ | खरिद समिति | ८ | ८ | |
| ८ | मुल्याङ्कन समितिको बैठक संख्या | ७ | २० | |
| ९ | जलस्रोत व्यवस्थापन समिति | २ | ३ | |
| १० | शारदा आयोजना कार्यान्वयन समिति | ३ | ७ | |
| ११ | राजश्व परामर्स समिति बैठक संख्या | २ | ९ | |
| १२ | अपाङ्गता समन्वय समिति | २ | ५ | |
| १३ | पदपूर्ति समितिको बैठक संख्या | २३ | ३६ | |
| १४ | रासायानिक मल वितरण व्यवस्थापन समिति | ४ | ६ | |
| १५ | स्थानीय भु-उपयोग परिषद | २ | २ | |
| १६ | जलस्रोत व्यवस्थापन समिति | २ | ४ | |
| १७ | फोहर व्यवस्थापन समिति | २ | ३ | |
| १८ | विविध बैठक | ३ | ७ | |

## राजश्व शाखा

❖ **राजस्व संकलन सम्बन्धी घुम्ती शिविर सञ्चालन**

आर्थिक वर्ष २०८२/०८३ मा शारदा नगरपालिका र सल्यान उद्योग वाणिज्य सङ्घ सल्यानको सहकार्यमा २०८२ श्रावण २३ गतेदेखि भाद्र १० गतेभित्र शारदा नगरपालिकाका वडा नं. १ र १२ का प्रत्येक पसल, गोदाम तथा ग्यारेजमा पुगी व्यवसाय दर्ता, नवीकरण, सूचीकृत तथा घर बहाल कर संकलन गरिएको थियो।

उक्त घुम्ती शिविरबाट देहायबमोजिम कार्य सम्पादन तथा राजस्व सङ्कलन भएको छ:

- व्यवसाय दर्ता सङ्ख्या: १०८

- व्यवसाय नवीकरण सङ्ख्या: ७०

- व्यवसाय सूचीकृत सङ्ख्या: ३०

- घर बहाल कर सङ्कलित घर सङ्ख्या: २८

- जम्मा सङ्कलित राजस्व रकम: रु. ६,३५,०००/- (अक्षरेपी छ लाख पैंतीस हजार रूपैयाँ मात्र)

❖ **आन्तरिक राजश्व संकलनः ४३ लाख २९ हजार ५६६**

सबै भन्दा बढी संकलन गर्ने वडा नं १ रकमः ४ लाख १७ हजार ६८

सबै भन्दा बढी सिफारिश दस्तुरबाट प्राप्त रकमः ८ लाख १८ हजार ७९४

- **श्रीनगर बसपार्कको आय ठेक्का भई आसयको सूचना समेत भैसकेको**
- **श्रीनगरमा मेला सञ्चालनको प्रस्ताव आव्हान भई संझौताको क्रममा रहेको**

## आर्थिक प्रशासनः

जम्मा बजेट : १,०९,०२,००,५०४.०४ (सामाजिक सुरक्षा भत्ता रकम रु १३ करोड ९८ लाख बाहेक)

हालसम्म प्राप्त : २३,७४,३९,४२७.१०

कुल खर्च: १०,९७,३७,४२४.४३ (१६.६८%)

चालू खर्चः २०.७६%

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण भर्खरै मात्र सम्पन्न।

## कानून निर्माणः

निर्देशिकाः ३

कार्यविधिः ८

अन्यः LAPA अद्यावधिक कार्यशाला सम्पन्न र DPRP निर्माण कार्यको Inception meeting सम्पन्न

## न्यायिक समितिः

न्यायिक समितिले आ.व. २०८२।०८३ को प्रथम चौमासिक अवधिमा उजुरी व्यवस्थापन तर्फ गरेका कार्यहरुः

| गत बर्षको जिम्मेवारी सरी आएका निवेदन | आर्थिक वर्ष २०८२/८३ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन | झिकिएको |
|---|---|---|---|---|---|---|---|
| १० | २ | १ | ० | ० | १० | ० | १ |

- मेलमिलाप संख्याः १

## वडागत विवरणः

नागरिकता सिफारिशः १७

नाता प्रमाणितः ६

विद्युत सिफारिशः ८

मालपोत सिफारिशः ६

चारकिल्ला प्रमाणितः

अन्य सिफारिशः १३५

जम्माः

१७२+२१४+१२७+१७०+२३४+४६८+१८९+२४१+१६५+२८३+२५२+१९६+१३८+३०७+१५५=**३३११**

## अन्यः

- नगर बस सेवा सञ्चालनमा आएको
- श्रमदानबाट शा न पा ११ तल्लो स्यालामा रहेको दुर्गा आ वि को ५ कोठे भवन निर्माण
- जर्खु खानेपानी आयोजना निर्माण कार्य शुरु एवं अन्य ३ वटा आयोजनाको ठेक्का प्रक्रिया अन्तिम चरणमा रहेको
- जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) मा छनौट
- चीनको दातोंग सिटी, शान्सी प्रान्तमा अगस्ट २५ देखि २९ सम्म भएको तेस्रो अर्गानिक जिल्ला विश्व सम्मेलनमा नगर प्रमुख प्रकाश भण्डारी सहभागी हुनु भएको।
- शारदा नगरपालिकामा विश्व बैंकको सहयोगमा सञ्चालन भइरहेका खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजनाको अनुगमन मिति २०८२/०५/१२ विश्व बैंकको प्रमुख तथा प्रतिनिधि टोलीले सम्पन्न।